NIC BANK
Complete Financial Solutions

# नेपाल इण्डष्ट्रियल एण्ड कमर्सियल बैंक लिमिटेड

## सातौं वार्षिक साधारण सभाको कामकारवाहीको विवरण (माइन्यूट)

१. **वैधानिक सभा:**
नेपाल इण्डष्ट्रियल एण्ड कमर्सियल बैंक लिमिटेडको संचालक समितिको निर्णयनुसार बोलाइएको यो सातौं वार्षिक साधारणसभा संचालक समितिका अध्यक्ष श्री जगदीश प्रसाद अग्रवालज्यूको सभापतित्वमा देहाय बमोजिम सु-सम्पन्न भयो ।

२. **सभाको मिति, स्थान र समय:**
मिति : २०६१ चैत्र २१ गते आईतवार (३ अप्रेल, २००५)
स्थान : होटल नमस्कार, विराटनगर
समय : अपरान्ह १२:३० बजे देखि ६:३० बजे सम्म
(हाजिरी विहान १०:०० बजे देखि १२:०० बजे सम्म)

३. **उपस्थिति:**
**संचालकहरुको उपस्थिति:**
क) श्री जगदीश प्रसाद अग्रवाल - अध्यक्ष
ख) श्री तुलसीराम अग्रवाल - संचालक
ग) श्री गणेश मान श्रेष्ठ - संचालक (प्रतिनिधी राष्ट्रिय वाणिज्य बैंक)
घ) श्री अशोक कुमार अग्रवाल - संचालक
ङ) श्री निर्मल कुमार अग्रवाल - संचालक
च) श्री राजेन्द्र अर्याल - संचालक
संचालक श्री रमेश कोइराला व्यक्तिगत कार्य व्यस्तताले गर्दा उपस्थित हुन सक्नु भएन ।

**पर्यवेक्षकको उपस्थिति:**
(क) श्री सुदिप कुमार सुवेदी - प्रतिनिधि, राष्ट्रिय वाणिज्य बैंक

**पदाधिकारीहरुको उपस्थिति:**
क) श्री सशिन जोशी - प्रमुख कार्यकारी अधिकृत
ख) श्री लक्ष्मण रिसाल - प्रमुख संचालन अधिकृत
ग) श्री अरुण पराजुली - प्रमुख, कोष तथा लेखा
घ) श्री श्याम सापकोटा - कम्पनी सचिव

४. **सभाको सूचना:**
सातौं वार्षिक साधारण सभा बस्ने बारेको सूचना, वार्षिक प्रतिवेदन तथा वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण शेयरधनीहरुको उपलब्ध व्यक्तिगत ठेगानामा पठाउनुका साथै क्रमश: नेपाल समाचार पत्र मा २०६१ फाल्गुण २७ गते र अन्नपूर्ण


नेपाल इण्डष्ट्रियल एण्ड कमर्सियल बैंक लिमिटेड Nepal Industrial & Commercial Bank Ltd.
Kamaladi Ganesthan, P.O. Box 7367, Kathmandu, Nepal. Tel.: 4262277, Fax: 977-1-4241865, Tlx.: 2845 NICB NP, E-mail: kamaladi@nicbank.com.np

NIC BANK

पोष्ट दैनिकमा २०६१ फाल्गुण २९ गते प्रकाशित गरी शेयरधनी महानुभावहरुलाई सार्वजनिक रुपले समेत सूचित गरिएको थियो ।

५. **सभामा भएका छलफलका विषयहरु:**

क. सातौं वार्षिक साधारणसभाको लागि सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन ।

ख. लेखापरीक्षकको प्रतिवेदन सहित २०६१ साल आषाढ मसान्तको वासलात, २०६०/४/१ देखि २०६१/३/३१ सम्मको नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण छलफल गरी पारित गर्ने ।

ग. आर्थिक वर्ष २०६१/६२ को लागि लेखापरीक्षक नियूक्त गर्ने र निजको पारिश्रमिक तोक्ने ।

घ. प्रबन्ध पत्र तथा नियमावलिमा संशोधन छलफल गरि पारित गर्ने ।

ङ. सातौं वार्षिक साधारणसभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्नको लागि शेयरधनीहरु र संचालकहरुको तर्फबाट एक/एक जना प्रतिनिधि नियुक्त गर्ने ।

च. समुह "ख" का सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने २ जना संचालकहरुको निर्वाचन गर्ने ।

छ. विविध ।

६. **शेयरधनीहरुको उपस्थिति:**

| कुल शेयरधनी संख्या | स्वयं उपस्थित | प्रतिनिधिपत्रद्वारा उपस्थित | जम्मा उपस्थित | बिक्री भएको शेयरको सभामा प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|
| ३५१८९ (क-ख समूह) | १७८ | ५६७ | ७४५ | ७०.०४ |

७. **गणपूरक संख्या एवम् वैधानिकता:**

सभाको प्रारम्भमा कम्पनी सचिवले यस साधारणसभा प्रचलित ऐन कानून बमोजिम बोलाइएको र सभा गर्न बैंकको नियमावलि र कम्पनी ऐन २०५३ बमोजिम आवश्यक गणपूरकसंख्या पुगेको जानकारी सभालाई अवगत गराउनु हुदैं, आजको यस सभाको सभापतित्व गरी दिन संचालक समितिका अध्यक्ष श्री जगदीश प्रसाद अग्रवालज्यूलाई अनुरोध गर्नु भयो । यसरी आवश्यक गणपूरक संख्या विद्यमान रहेको र प्रचलित कानूनको पालना भएको हुंदा कम्पनी ऐन २०५३ को दफा ५६ का अधिन सभा विधिवत प्रारम्भ भयो ।

८. **सभाको सभापतित्व:**

सभाको सभापति श्री जगदीश प्रसाद अग्रवालज्यूले वार्षिक साधारण सभामा उपस्थित हुनु भएका सम्पूर्ण शेयरधनीमहानूभावहरुको हार्दिक स्वागत गर्दै काम कारवाही अगाडी बढाउनु भयो ।

९. **वार्षिक प्रतिवेदन तथा प्रस्तावहरुको प्रस्तुती:**

सभापतिज्यूले आफ्नो मन्तव्य पढेर सुनाइ सकेपछि संचालक समितिको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०६०/६१ को नाफा नोक्सान हिसाब र

NIC BANK

वासलात छलफलका लागि सभामा प्रस्तुत गर्नु भयो । यसै क्रममा निम्न लिखित महानुभावहरुले जिज्ञासा, प्रश्न, सुझाव तथा मन्तव्य सभामा प्रस्तुत गर्नु भयो ।

१. डा. माधव कुमार श्रेष्ठ
२. श्री रामलाल श्रेष्ठ
३. श्री सज्जन कुमार अग्रवाल
४. श्री भगवती प्रसाद अगरवाल
५. श्री नारायण सुन्दर श्रेष्ठ

डा. माधव कुमार श्रेष्ठ

१. श्री ५ महाराजधिराज सरकारबाट २०६१ माघ १९ गते बक्स भएको घोषणा प्रति कृतज्ञता व्यक्त ।
२. बैंकको सातौं वार्षिक साधारणसभामा भाग लिने मौकाका लागि धन्यवाद दिंदै गौरवान्वित भएको कुरा व्यक्त ।
३. गत: वर्षको दांजोमा यस वर्ष २६४ प्रतिशत खुद नाफा आर्जन गरेकोमा धन्यवाद ।
४. सहभागी शेयरधनीहरुलाई लन्च प्याकेट (अल्पहार) दिएकोमा धन्यवाद दिंदै रकम दिएको भए झन राम्रो भन्ने सुझाव व्यक्त ।
५. सक्षम र योग्य व्यक्तिलाई प्रमुख कार्यकारी अधिकृतमा ल्याएकोमा संचालक समितिलाई धन्यवाद व्यक्त ।
६. चालु आर्थिक वर्षको Operating Target कति हो ? २०६१ चैत्र १५ सम्म के कति प्रगति भयो ? लक्ष्य भन्दा बढी उपलब्धीका लागि के कस्तो Effective Action Programme कार्यान्वयन मा ल्याउनु भएको छ ?
७. बैंकमा Training Utilisation System छ कि छैन ?
८. यस बैंकको Leverage Ratio कति छ ? साथै International Standard अनुसार छ/छैन् ?
९. यस बैंकमा Internal Performance Auditing System लागु छ/छैन ?
१०. लगनीकर्ताहरुको मुख्य चाहना Triple-'S" (Safety, Security, Steady earning growth) भएकोले यसलाई ख्याल गरी Auditor's Professional Indemnity Policy बीमा कम्पनीबाट लिनु पर्ने/नपर्ने के छ ?
११. Employee Profitability र Productivity कति हो ? Quality staff छ/छैन ?
१२. Credit Risk analysis कतिको Reliable छ ?
१३. Interest Rate प्रर्याप्त कम नभए सम्म The current revenue लाई बढाउन सकिने/नसकिने के छ ?
१४. NIC बैंक शेयरको Value बढाउन के प्रयास भएको छ ?
१५. Per head profitability के छ ? (कर्मचारीको हकमा)
१६. व्याज दर अन्तर अरुको भन्दा अलि कम भएको ले यसबाट Fresh Loan कति बढेको छ ?
१७. Adquate Capital Adeqecy हुनु राम्रो हो, यस बाट Credit flow मा केही प्रतिकूल असर परेको छ कि ?

NIC BANK

सुझावहरु:

१. शेयरको मार्केट Price मा सुधार आउनु पर्‍यो ।

२. बैंकको संचालक समितिको प्रतिवेदन कम्पनी ऐन २०५३ को दफा ८३ को उपदफा (३) अनुसारको खण्ड (क) देखि (ज) सम्म उल्लेख गरी प्रस्तुत हुनु पर्‍यो ।

३. Corporate Leadership Prescription By Ten Letter Words 'LEADERSHIP' अनुसार संचालन हुनु पर्‍यो ।

श्री रामलाल श्रेष्ठ

१. श्री ५ महाराजधिराज सरकारबाट २०६१ माघ १९ गते बक्स भएको घोषणा प्रति कृतज्ञता व्यक्त ।

२. बैंकको कृयाकलाप बारे कसैले केही कुरा राख्दछ भने धैर्यताका साथ स्वीकार गर्दै सुनि दिनु पर्‍यो ।

३. सभाको समयनै ठिक भएन । १२.३० को सट्टा ११.०० बजे नै बोलाउनु पर्ने ।

४. अंकहरुको अध्ययनबाट बैंक माथि उक्लिदै गएको छ । योग्य र सक्षम प्रमुख कार्यकारी अधिकृतलाई बधाइ सहित Right Man- Right Place मा छनौट गर्नु भएकोमा संचालक समितिलाई धन्यवाद दिन्छु ।

५. कर्मचारीहरुलाई अझ Motivated र Dedicated बनाउने वातावरण श्रृजना गर्नु पर्‍यो ।

६. नेपाल राष्ट्र बैंकको नियमले गर्दा हामी शेयरधनी ले अहिले लाभांश पाउन न सक्ने भए तापनि जगेडा कोषबाट भविष्यमा बोनस शेयर पाउन सकिने कुरा प्रतिवेदनमा उल्लेख भएकोमा धन्यवाद छ ।

७. प्रबन्धपत्र नियमावलि संशोधन सम्बन्धमा प्रतिवेदन ढीलो प्राप्त भई समय कम पाइएकोले अध्ययन नै गर्न सकिएको छैन । प्रतिवेदन उपलब्ध गराउने तर्फ प्रभावकारी व्यवस्था हुनु पर्‍यो ।

८. सभामा भाग लिन आउनेहरु संग सम्मानजनक व्यवहार गर्नु पर्ने तर्फ आगामी साधारण सभाहरुमा विचार पुर्‍याइदिन अनुरोध छ ।

९. भुक्तानी हुन नसकेको लाभांश किन हुन सकेन ? भुक्तानी को व्यवस्था हुनु पर्‍यो ।

१०. मिटीङ्ग भत्तामा निकै खर्च, के के समावेश छ ? जानकारी गराउनु पर्‍यो ।

११. लन्च प्याकेटको पक्षमा म छैन । मौसम अनुकुल छैन, स्वास्थ विग्रिन सक्छ । अर्को सभामा ध्यान दिनु पर्‍यो ।

१२. प्रधान कार्यालय सार्ने व्यवस्था स्वागत योग्य छ । काठमाण्डौ तर्फ सार्दा हुन्छ ।

१३. विदेशमा कार्य गर्न सक्ने गरी कार्यक्षेत्र विस्तार गरिएको स्वागत योग्य छ ।

१४. मलाई बोल्ने मौका प्रदान गर्दै समय दिनु भएकोमा धन्यवाद दिन्छु ।

श्री सज्जन कुमार अग्रवाल

१. प्रतिवेदनको अनुसूचि २५ प्रमुख सुचकाङ्कमा आ.व. ०५७/०५८ मा शेयर पूंजी मा लाभांश बोनस सहित १०% देखाइएको छ/त्यो दिएको छैन, Printing Mistake हो की के हो ?

NIC BANK

२. प्रस्तावित प्रबन्धपत्र को दफा ५ अन्तर्गत संशोधनका लागि प्रस्ताव गरिएको एक प्रतिशत वा सो भन्दा बढी शेयर खरीद गर्न संचालक समितिको स्वीकृति लिनु पर्ने प्रावधान जरुरी छैन, हटाउनु पर्‍यो ।

**श्री भगवती प्रसाद अगरवाल**

१. सभाको सूचना आयन्दा देखि गोरखापत्र र कान्तिपुरमा समेत प्रकाशित गरियोस ।
२. वासलात सभाहुनु भन्दा १५ दिन अगावै शेयरधनी कहाँ पुग्ने व्यवस्था होस ।
३. प्रमुख कार्यकारीको तलब रु. १.२५ करोड भन्दा बढी छ भनि कान्तिपुर समाचारपत्रमा निस्केको थियो । के यो सत्य हो ?
४. निष्क्रिय कर्जाको रकम सहित सूचि प्रकाशित गर्नु पर्‍यो । निष्क्रिय कर्जा घटाउनका लागि के कति प्रयास भएको छ ? हाम्रो कर्जा दिने प्रकिया के छ ?
५. मर्मत तथा संभार खर्च, भ्रमण भत्ता खर्च मसलन्द र छपाई र विज्ञापन खर्चको विस्तृत विवरण दिनु पर्‍यो ।
६. विदेशी विनिमय कारोबार के हो ? बुझाई दिनु पर्‍यो ।

**श्री नारायण सुन्दर श्रेष्ठ**

१. अगाडीका साथीहरुले व्यक्त गरेको केही कुराहरुको प्रसंग ल्याउनु पर्ला तर सुधारात्मक कुरा गर्दा विरोध को रुपमा नलिई सुझावको रुपमा लिइ दिन अनुरोध गर्दछु ।
२. परापूर्व काल देखि नै विराटनगरलाई एउटा Industrial Sector को रुपमा लिएको ठाउँ भएकोले आफ्नो नाम अनुरुप विराटनगर नै यस बैंकको मुख्य कार्यालय हुनु पर्दछ भन्ने मेरो धारणा छ ।
३. सभामा सहभागी हुनेहरुलाई नगद रकम बाड्नु पर्ने कुरा उठेको संदर्भमा काठमाडौंमा जहाँ धेरै शेयरहोल्डरहरु छन यस किसिमको नगद बाडने् चलनले पाएको सुविधाको अनैतिक तरिकाले दुरुपयोग समेत भइरहेको छ । ठूलो संख्यामा शेयरधनीहरु हुने कम्पनी समस्यामा परिरहेका छन् । अत: नगदको सट्टा व्यवहारिक तरिकाले Lunch दिने व्यवस्था भएमा राम्रो हुने मेरो धारणा छ ।
४. प्रमुख कार्यकारी अधिकृतको तलब को कुरा उठ्यो । अन्य बैंकको तुलनामा र उहाँले सम्हाल्नु भएको जिम्मेवारी र चुनौतिलाई हेर्दा मेरो विचार मा यो बढी होइन् । राम्रो कार्यक्रम र Target बनाएर Industrial र Commercial Sector मा बैंकले आफ्नो साख र सुदृढ कारोवार स्थापित गर्न सक्छ । त्यतातिर पक्कै पनि CEO ले, Remuneration लिए अनुसार Target बनाएर जानु भएको छ भन्ने मलाई विश्वास छ ।
५. प्रबन्ध पत्र र नियमावलि बारे पनि कुराहरु उठे । बैंक तथा वित्तिय संस्था सम्बन्धी अध्यायदेश आएको छ, त्यही हिसाबले मात्र संशोधन गरेको पक्कै हुनु पर्दछ । अध्यायदेश अनुसार हामीले गर्नु पर्ने बाध्यता पनि छ । यसमा कुनै विवादस्पद रुपमा जानु पर्ने अवस्था मैले देखिन ।
६. लाभांश को कुरा उठेको छ । अहिले बैंकले प्रर्याप्त मात्रामा लगानी गर्न सकेर Clients लाई आकर्षित गर्न सक्नु पर्छ र त्यस Goodwill को असर स्वरुप २/४

NIC BANK

वर्ष पछि यो बैंक अग्रणी बैंकमा आउन सक्छ । पहिले त रु. १ अरब पुऱ्याउने Target पुरा हुनु पऱ्यो । जुन रु. ५ करोड जगेडा कोषका लागि छुट्टाइएको छ त्यसबाट पाएको Return ले अर्को वर्ष २० या ३० प्रतिशत बोनस शेयर बाड्न सकियो भने शेयरधनीको गुनासो हराएर यहाँहरुलाई बधाई शुभकामना दिनेछौं ।

७. पूंजी बढाउनका लागी Right Issue शेयर निष्काशन गरेर राम्रो Performance दिएर जान सक्नु पऱ्यो ।

८. विगतको ३ वर्ष सम्म बैंकलाई सुधारको रुपमा लिएर जाने टीप्पणी सहित लेखापरिक्षण गरिरहनु भएका लेखापरिक्षक श्री निर्मलदास श्रेष्ठज्यूको असामयिक स्वर्गारोहण भएकोमा गहिरो समवेदना प्रकट गर्दछु । उहाँ जस्तै राम्रो कर्तव्यनिष्ट र सक्षम अडिटर फेरी पनि यस सभाले नियुक्त गरोस भन्ने अनुरोध गर्दछु ।

९. भावि कार्यक्रम अन्तर्गत आगामी एक वर्ष भित्र हामी Industrial र Commercial क्षेत्रमा कसरी लगानीमा जाने र लगानी अनुसारको सुधारमा जाने सो कुरा प्रतिवेदनमा उल्लेख भइ दिएको भए Clients को लागि राम्रो सुझाव हुने थियो र बैंक को Goodwill पनि बढ्ने थियो, आगामी वर्षमा ध्यान पुऱ्याउनु पऱ्यो ।

१०. कर्जा जोखिम व्यवस्था जो गत वर्षको तुलनामा घटेको छ, लाई व्यवस्थापनले समिति आदि बनाएर र अन्य आवश्यक पूर्वाधारहरु खडा गरी प्रभावकारी ढंग बाट पूर्ण ध्यान दिएर जानु पर्ने सुझाव गर्दछु ।

११. व्याज आम्दानी र व्याज खर्चमा सके सम्म बढी अन्तर ल्याउन व्यवस्थापन र संचालक समितिले समझदारी साथ योजना बनाएर जानु पर्दछ ।

१२. पूंजी समायोजन कोष मा रु. ५ करोड राख्न सक्नु, साधारण जगेडा कोश बढाउनु र संचित मूनाफा बढ्दै जानु बैंक संचालनको राम्रो लक्षणको संकेत हो मेरो शुभेच्छा छ ।

१३. लाभांश भुक्तानीको कुरा आयो । बसाई सराई, विदेशीने, ठेगाना परिवर्तन आदि कारणले गर्दा शेयरहोल्डरले भुक्तानी पाउनु पर्ने लाभांश पूर्ण रुपमा Minus गर्न धेरै गाह्रो छ, तापनि सके सम्म Announce गरेर राष्ट्र बैंकमा जम्मा गर्न नसक्ने स्थिती ल्याउन प्रयास गर्नु पर्छ ।

१४. Interest Suspense र Sundry Creditors बढ्दै जानु भनेको एउटा Chronic रोग जस्तै हुनाले सकेसम्म यसलाई कम गर्ने तर्फ आवश्यक उपाय अवलम्बन गर्नु पऱ्यो ।

१५. लगानीमा असुल गर्न बाँकी आम्दानी पनि सकेसम्म राख्न हुदैन यसले शंका मात्र बढाउदछ, अत: यस तर्फ प्रभावकारी व्यवस्थापनको माध्यमबाट मिनाहा गर्नु पर्ने अथवा शंका गर्नु पर्ने अवस्था नल्याउन तर्फ अनुरोध गर्दछु ।

१६. कर्मचारीहरुलाई संचालक समितिले विश्वासमा लिनका लागि राम्रो Remunaration को व्यवस्था दिएर Motivate गर्दै अन्य तर्फ पलायन हुन नदिने स्थिती ल्याउने तर्फ ध्यान दिन अनुरोध गर्दछु ।

शेयरधनीहरुको बोल्ने क्रम पुरा भए पछि सभापति ज्यूले आजको यस सभामा सहभागी हुनु भएका मोरंग व्यापार संघका अध्यक्ष श्री जीवन नेपाल ज्यूलाई बैंकको उपलब्धी र क्रियाकलाप बारे आफ्नो मन्तव्य राखीदिन अनुरोध गर्नु भयो ।

NIC BANK

अध्यक्ष श्री जीवन नेपालज्यूले, यस बैंकको संचालक समितिमा आसिन आ-आफ्नो क्षेत्रका विज्ञ संचालकज्यूहरुको कुशल र बुद्धिमत्तापूर्ण मार्ग दर्शनबाट बैंकले हासिल गरेको प्रगति सबैको सामु छर्लङ्ग छ भन्ने कुरा बताउनु भयो । उहाँले शेयरधनि र आफ्ना ग्राहकहरुलाई निश्चिन्तता प्रदान गर्दै बर्तमान तिब्र प्रतिस्पर्धी बैकिंङ्ग वातावरणमा समेत अन्य समकक्षी बैंकहरुको बराबरीमा यस बैंकलाई उभ्याउदै सक्षम बैंकको भुमिका निर्वाह गर्नमा सफलता प्राप्त गरेकोमा संचालक वर्ग र सम्पूर्ण बैंक परिवारलाई देशकै जेठो उद्योग र व्यापारी संस्था मोरंग व्यापार संघका तर्फबाट हार्दिक बधाई दिनु भयो ।

आफ्नो मन्तब्यको अन्त्य तिर, नववर्ष २०६२ सालको शुभकामना व्यक्त गर्दै उहाँले आगामी दिनहरुमा समेत बैंकको संचालक समिति, प्रमुख कार्यकारी अधिकृत लगायत सम्पूर्ण कर्मचारीवर्गले लगनशिलता, उच्च मनोबल र सुझबुझका साथ कार्य गर्दै गएमा यो बैंक एक दिन देशमा एउटा Leading Bank को रुपमा विकसित हुनेछ भन्ने विश्वास प्रकट गर्नु भयो र नव वर्षले हामी सबैको इच्छा आकांक्षा पुरा गरोस, सबैको जीवन शान्ति र सुखमय बनोस र बैंकले सोचे भन्दा पनि बढी लक्ष्य हासिल गर्न सकोस भन्ने मंगलमय शुभकामना व्यक्त गर्नु भयो ।

<u>सभामा उठेका प्रश्न तथा जिज्ञासाहरुको प्रत्युत्तरको प्रस्तुतिकरण:</u>

सभापतिज्यूको आज्ञाले बैंकका प्रमुख कार्यकारी अधिकृत श्री सशिन जोशीज्यूले दिन भएको समूहगत जवाफ:

१. शेयरधनी डा. माधव कुमार श्रेष्ठ ज्यूलाई उहाको अभिव्यक्ति प्रति धन्यवाद दिन चाहन्छु ।
२. चालु वर्षको प्रगति र उपलब्धी बारे खुशी प्रकट गर्दै बैंकले पहिलो ८ महिनामा करीब रु. १३ करोड को संचालन मुनाफा आर्जन गर्न सक्षम भएको, जुन गत: वर्षको सोही अवधिको दाजोमा ४०% ले माथि रहेको जानकारी गराउनु भयो ।
३. बजेट बारे राखिएको जिज्ञासाका संदर्भमा यो संचालक समिति र व्यवस्थापन विचको रणनीतिक विषय भएकोले सभामा प्रस्तुत गर्नु सांदर्भिक नभएको बताउनु भयो ।
४. कर्मचारी तालिमको कुरा गर्दै उहाँले आवश्यकतानुसार कर्मचारीहरुलाई दक्षता हासिल गर्न चाहिने तालिम दिनमा बैंक पछि नपर्ने जानकारी गराउनु भयो ।
५. Leverage Ratio सम्बन्धि जिज्ञासाको प्रत्युत्तमा उहाँले बैंक मा Leverage भन्दा पनि Capital adequacy मा ध्यान पुऱ्याउनुपर्ने जरुरी हुन्छ र यस बैंकले नेपाल राष्ट्र बैंकले दिएको निर्देशन अनुरुप बढी नै पूँजी प्रर्याप्तता कायम गरेको र बैंकको स्थिती मजबुत रहेको जानकारी गराउनु भयो ।
६. यस बैंक भित्र छुट्टै Internal Control Meehanism रहेको जानकारी गराउनु हुँदै संचालकहरुको लेखापरिक्षण समिति, आन्तरीक लेखापरिक्षण र Compliance Department नेपाल राष्ट्र बैंक बाट हुने निरीक्षण आदि माध्यमहरुबाट Control Mechanism ले बैकमा बराबर निगरानी राखी रहेको कुरा बताउनु भयो ।

७. Safety-Security र Steady Earning सम्बन्धी जिज्ञासा को प्रत्युत्तरमा उहाँले त्यो त विगत २/३ सालको वार्षिक प्रतिवेदनको अध्ययन गर्दा नै स्पष्ट हुदैन र ? भन्दै प्रति प्रश्न राख्नु भएको थियो ।

८. NPA को हकमा NIC बैंक संभवत देशका वाणिज्य बैंकहरु मध्ये सबभन्दा न्यून NPA भएको वर्गमा पर्ने रहेको जानकारी गराउनु हुँदै सो का लागी प्रर्याप्त Loan Loss Provision गरिएको कुरा प्रतिवेदनमा नै उल्लेख छ भन्नु भयो ।

९. जहाँ सम्म शेयर मूल्यको कुरा छ, यो बजारले निर्धारण गर्ने हुँदा बैंकले यसमा प्रत्यक्ष प्रभाव पार्न मिल्दैन तथापि शेयरको Book Value तथा बजार मूल्यको हकमा विगतका दिनहरु भन्दा धेरै नै माथि पुगिसकेको प्रष्ट नै छ भन्नु भयो ।

१०. प्रबन्ध पत्र नियमावलि संशोधन बैंक तथा वित्तिय संस्था सम्बन्धि अध्यायदेशमा भएको प्रावधान र तोकिएको म्याद भित्रै पेश गरि सक्नु पर्ने बाध्यता हो सोही अनुरुप सभामा प्रस्ताव ल्याइएको जानकारी गराउनु भयो ।

११. सभा संचालन गर्ने समयको विषयमा सहभागी शेयरधनीहरुको अनुमानित संख्या, निर्धारीत कार्यक्रम र छलफलको विषयसूची आदिलाई मध्य नजर राख्दै पूर्व सूचना गरेबमोजिम नै गरिएको जानकारी गराउनु भयो ।

१२. वासलातको पृष्ठ संख्या २६ अनुसूचि २५ मा आ.व. २०५७/०५८ को क्रमाङ्क ५ – शेयरपूंजीमा लाभांश (बोनस सहित) मा उल्लेख गर्नु पर्ने प्रावधान भएको बैंकले अहिले सम्म बोनस शेयर जारी गरि नसकेकोले सो वर्षमा नगद लाभांश भने पनि १०% नै र बोनस सहित भने पनि त्यही १०% नै हो भन्ने बुझाउन लाई दुवै प्रसंग उल्लेख गर्नु परेको स्पष्ट गराउनु भयो ।

१३. प्रबन्पत्रको दफा ५ को संशोधनमा प्रस्तावित गरिएको एक प्रतिशत भन्दा बढी शेयर खरीद गर्न संचालक समितिको स्वीकृति को व्यवस्था अहिले राष्ट्र बैंकको नियमानुसार एक प्रतिशत वा सो भन्दा बढी शेयर हुनेहरुले बैकबाट कुनै पनि ऋण लिनमा बन्देज लगाइएको हुनाले संचालक समितिको जानकारीमा आओस भन्ने मनसायले मात्र यो राखिएको कुरा बताउनु भयो ।

१४. निस्क्रिय कर्जाहरुको विवरणको कुरा उठ्यो, वार्षिक प्रतिवेदनमा प्रकाशित गराउने प्रचलन नरहेको र व्यवसायिक गोपनियताको कारणले गर्दा पनि प्रकाशित गर्न नसकिने जानकारी गराउनु भयो ।

१५. नाफा नोक्सान हिसाबको संदर्भमा मर्मत संभार, भ्रमण भत्ता, मसलन्द र छपाई विज्ञापन आदि विभिन्न खर्चहरुको जिज्ञासाका सम्बन्धमा बैंकको मुनाफाको दाँजोमा खर्चको अनुपात कमनै रहेको बताउनु हुँदै, गत: वर्ष संग तुलनात्मक रुपमा अध्ययन गरी समग्र रुपमा हेर्ने हो भने खर्च निकै सन्तुलित र नियंत्रित किसिमले भएको जानकारी गराउनु भयो ।

१६. विदेशी विनिमय सम्बन्धी जिज्ञासाको प्रत्युत्तरमा परिवर्तित विदेशी मुद्राको कारोवार जस्तै खरीद बिक्री, रेमिट्यान्स आदि संग सम्बन्धित कारोबार भएको जानकारी गराउनु भयो ।

१७. बैंकको प्रधान कार्यालय विराटनगरबाट सार्ने मनसाय नभएको जानकारी गराउनु भयो ।

NIC BANK

१८. प्रमुख कार्यकारीको तलब बारे प्रकाशित समाचार बारे प्रत्युत्तर दिनै उहाँले वासलातमा देखाइएको "Total Salary Cost को अंक बाट नै सो कुरामा सत्यता नभएको भन्ने पुष्टी हुन्छ भन्नु भयो ।

१९. शेयरधनी श्री नारायण सुन्दर श्रेष्ठ ज्यूले Industrial Sector मा Growth गर्ने तर्फ ध्यान दिनु पर्ने जुन सुझाव दिनु भएको छ, त्यो निकै मनन योग्य सुझाव भएकोले, त्यस तर्फ पक्कै पनि बैंकले प्राथमिकता साथ अध्ययन मनन गर्ने जानकारी गराउनु भयो ।

२०. मुनाफाबाट छुट्टाइएको जगेडा कोषमा राष्ट्र बैंकको निर्देशानुसार रु. १ (एक) अरब नपुऱ्याए सम्म उक्त कोष चलाउन नपाइने भए तापनि यो शेयरधनीहरुकै रकम भएको र रु. १(एक) अरब पुगेको अवस्थामा आवश्यकता र त्यसबेलाको परिस्थिति अनुसार उपयुक्त प्रयोग गर्न सकिने जानकारी गराउनु भयो ।

२१. Interest Paid र Interest Suspense बारे को जुन सुझाव आएको छ त्यो बहुत मनन योग्य सुझाव भएकोले बैंकले यस तर्फ अवश्यक प्रयास गर्ने नै छ ।

प्रत्युत्तरको अन्त्यतिर प्रमुख कार्यकारी अधिकृतले आफ्ना प्रेरणदायि उद्गारबाट बैंक परिवालाई उत्साहित गर्दै सभामा व्यक्त गरिदिनु भएको मन्तव्यका लागि मोरङ्ग व्यापार संघका अध्यक्ष श्री जीवन नेपालज्यू प्रति साभार धन्यवाद ज्ञापन गर्नु भयो ।

१०. <u>सभाको निर्णय:</u>

क) छलफलको लागि सभामा प्रस्तुत विषय सूचीको (क) बमोजिम संचालक समितिको प्रतिवेदन उपर छलफल भइसकेकोले सो लाई पारित गरियोस् भनी सभापतिज्यूले निर्णयार्थ राख्नु भएको प्रस्ताव सभाले ध्वनी मतका साथ सर्वसम्मतिले पारित गऱ्यो ।

ख) विषय सूचीको (ख) बमोजिम लेखापरीक्षकको प्रतिवेदन सहितको २०६१ साल आषाढ मसान्तको वासलात र २०६०/४/१ देखी २०६१/३/३१ सम्मको नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरणलाई पारित गरियोस् भनी सभापतिज्यूले प्रस्ताव राख्नु भएपछि छलफल पश्चात् सभाले ध्वनी मतका साथ सर्वसम्मतिबाट पारित गऱ्यो ।

ग) विषय सूचीको (ग) बमोजिम आर्थिक वर्ष २०६१/६२ का लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्ने प्रस्तावमा छलफल हुँदा श्री कुंज विहारी कयाल, श्री किशोर वास्कोटा, श्री तीर्थ राज उपाध्याय, श्री सुन्दरमान श्रेष्ठ, श्री रत्नराज बज्राचार्य, श्री शशिराज सत्याल, श्री मुकुन्द बहादुर श्रेष्ठ र श्री पुष्पलाल श्रेष्ठ मध्येबाट एकजनालाई साविक कै पारिश्रमिक पाउने गरी संचालक समितिले नै लेखापरिक्षक नियुक्त गर्ने म्यान्डेट सभाले दिए पछि उपस्थित संचालकहरुमा भएको छलफल पश्चात प्रस्तावित नामहरु मध्ये श्री तीर्थ राज उपाध्याय, (टी.आर. उपाध्याय एण्ड कं.) चार्टर्ड एकाउण्टेण्ट लाई साविक सरह नै रु. १,०६,४८०/- ( अक्षरेपी रु. एक लाख छ हजार चार सय अस्सी रुपैया) पारिश्रमिक दिने गरी लेखा

NIC BANK

परिक्षकमा नियुक्त गर्न सभापतिज्यूले प्रस्ताव राख्नु भए पछि सभाले ध्वनीमतका साथ सोको समर्थन गर्दै निजलाई लेखापरिक्षकमा नियुक्त गर्ने सर्वसम्मतिबाट निर्णय भयो ।

घ) विषय सूचिको (घ) बमोजिम बैंकको प्रबन्धपत्र तथा नियमावलिमा संशोधन गर्ने संलग्न अनुसूची बमोजिमको प्रस्ताव सभापतिज्यूले सभामा प्रस्तुत गर्नु भएपछि सो मा छलफल पश्चात सभाले ध्वनीमतका साथ सर्वसम्मतीले संशोधन गर्ने निर्णय गऱ्यो ।

ङ) विषय सूचीको (ङ) बामोजिम छैठौं वार्षिक साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्नका लागि शेयरधनीहरुको तर्फबाट श्री नारायण सुन्दर श्रेष्ठ तथा संचालकहरुको तर्फबाट निर्वाचित हुनुहुने संचालकहरु मध्येबाट एकलाई प्रतिनिधि नियुक्ति गर्ने निर्णय सर्वसम्मतिबाट पारित भयो ।

च) <u>संचालकहरुको निर्वाचन</u>

विषय सूचीको (च) बमोजिम "ख" समुह का सर्वसाधारण शेयरवालाहरुको तर्फबाट प्रतिनिधित्व गर्ने दुइ जना संचालकहरुको निर्वाचन गर्ने प्रस्तावका सम्बन्धमा निर्वाचन कार्यका लागि नियुक्त निर्वाचन अधिकृत श्री राम प्रसाद सिटौलाले निर्वाचनका लागि पूर्व प्रकाशित कार्यक्रम अनुसार उम्मेदवारी दिनु भएको ४ जना प्रत्याशीहरु श्री राजेन्द्र अर्याल, श्री वीरेन्द्र कुमार संघाई, श्री भगवती प्रसाद अगरवाल र श्री पशुपति कुमार खण्डेलवालका बिच निर्वाचन हुने कुरा सभामा जानकारी गराउनु भयो । श्री सिटौलाले निर्वाचन कार्यविधि निर्देशिकाका अधिन निर्वाचन सम्बन्धि केही सामान्य जानकारीहरु संक्षेपमा सभामा पढेर सुनाउनु भयो र मतदानको लागि सोही दिन बेलुका ३.१५ बजे देखि ५.१५ बजे सम्म लाइनमा बसी सक्नु पर्ने गरी समय तोकिएको जानकारी गराउनु भयो ।

<u>निर्वाचन परीणामको घोषणा:</u>

मतदान समाप्त भएपछि मतगणनाको कार्य बेलुका ६:३० बजे पुरा भयो । निर्वाचन अधिकृतले मञ्चबाट संचालकहरुको निर्वाचन परिणामको औपचारिक घोषणा गर्दै सर्व साधारण शेयरधनीहरुको तर्फबाट सबै भन्दा बढी मत ल्याई क्रमश: श्री राजेन्द्र अर्याल र श्री वीरेन्द्र कुमार संघाई निर्वाचित हुनु भएको घोषणा गर्नु भयो र उहाँहरुलाई संचालक पदमा निर्वाचित हुनु भएको प्रमाणपत्र प्रदान गर्नु भयो । यसै क्रममा निर्वाचन अधिकृतले निर्वाचन कार्यक्रम सुचारु संचालन गर्नमा आवश्यक सहयोग पुऱ्याइदिने बैंक व्यवस्थापन, आफ्ना सहयोगीहरु लगायत अन्य प्रत्याशी एवम् शेयरधनीहरुलाई धन्यवाद दिनु भयो ।

<u>अभिवादन एवम् आभार व्यक्त:</u>

तत्पश्चात नव निर्वाचित संचालकहरुलाई मञ्चमा आसन ग्रहण गर्न अनुरोध गर्दै बैंकको संचालक पदमा निर्वाचित हुनु भएकोमा सभापतिज्यू लगायत संचालक

NIC BANK

समितिका अन्य सदस्यहरु निवर्तमान संचालकहरु, शेयरधनीहरु तथा बैंकका बरिष्ठ पदाधिकारीहरुले नवनिर्वाचित संचालकहरुलाई हार्दिक बधाई ज्ञापन गर्नु भयो ।

यसै सन्दर्भमा सभापतिज्यूले "ख" समूहका शेयरधनीहरुका तर्फबाट प्रतिनिधित्व गरिरहनु भएका निवर्तमान संचालक श्री रमेश कोईरालालाई, हाल सम्म समितिमा रहि उहाँले बैंकलाई प्रदान गर्नु भएको सक्रिय सहयोग र अमूल्य योगदानका लागि व्यक्तिगत, संचालक साथीहरु र शेयरधनीहरुका तर्फबाट धन्यवाद ज्ञापन गर्नु भयो । साथै संचालक समितिमा सहभागी हुने नव निर्वाचित संचालकज्यूहरुबाट सही मार्गदर्शन एवम् क्रियाशिल सहयोगको अपेक्षा राख्दै नवआगन्तुक संचालकहरुको स्वागत र निवर्तमान संचालकहरुलाई बिदाई अभिवादन गरि दिन हुन अनुरोध गर्नु भएपछि फूलका गुच्छाहरु आदान प्रदान गर्दै स्वागत एवम् बिदाई अभिवादन गरियो ।

१०. <u>विविध:</u> यस बैंकका निवर्तमान लेखा परिक्षक श्री निर्मल दास श्रेष्ठज्यूको यहि २०६१ साल चैत्र ९ गते असामयिक दु:खद निधन भएकोमा सभामा १(एक) मिनटको मौनधारण गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना सहित हार्दिक श्रद्धाञ्जली अर्पण गरियो ।

११. <u>धन्यवाद ज्ञापन र विसर्जन:</u>
अन्त्यमा शेयरधनीमहानुभावहरुले आफ्नो अमूल्य समय प्रदान गरी दिनु भई बडो सौहार्दपूर्ण वातावरणमा आजको यो वार्षिक साधारण सभा एवम् निर्वाचनको कार्यक्रम सफलतापूर्वक संचालन गर्नमा सहयोग गरिदिनु भएकोमा उपस्थित शेयरधनीमहानुभावहरु, मोरङ्ग व्यापार संघका अध्यक्ष श्री जीवन नेपाल ज्यू, निर्वाचन अधिकृत एवम् उहाँका सहयोगी, संचालक प्रत्याशि श्री भगवती प्रसाद अगरवाल, एन आई डी सी क्यापिटल मार्केट्स लि., बैंक व्यवस्थापन परिवार तथा राष्ट्रिय वाणिज्य बैंकबाट पाल्नु भएका पर्यवेक्षक श्री सुदीप कुमार सुवेदीलाई संचालक समितिको तर्फबाट धन्यवाद ज्ञापन गर्दै सभापतिज्यूले यो सातौं वार्षिक साधारण सभा विसर्जन भएको घोषणा गर्नु भयो ।

| शेयरनीहरुको तर्फबाट | संचालकहरुको तर्फबाट | अध्यक्ष |
|---|---|---|
| नारायण सुन्दर श्रेष्ठ<br>शेयरधनी | राजेन्द्र अर्याल<br>संचालक | जगदीश प्रसाद अग्रवाल<br>सभापति |